आकाशवाणी समाचार- नेपाली
मितिः २७ सितम्बर २०२४
समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१.प्रधानमन्त्री नरेन्द्र मोदीले **डिजिटल क्रान्तिको युगमा कम्प्युटिङ क्षमता राष्ट्रिय क्षमताको विकल्प बनिरहेको बताउनु भएको छ।**

**२.केन्द्र सरकारले महँगाई भत्ता संशोधन गर्दै न्यूनतम ज्याला दरमा वृद्धि गरेको छ।**

३.पर्यटन मन्त्रालयले आज नयाँ दिल्लीमा 'पर्यटन र शान्ति' बिषय माथी विश्व पर्यटन दिवस–२०२४ मनाउने भएको छ।

**४.सरकारले इन्टरनेटमा नागरिकहरुको आधार र प्यान विवरण सार्वजनिक गर्ने वेबसाइटमा प्रतिबन्ध लगाएको छ।**

५.भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार जम्मुमा चुनावी प्रचार गर्नुहुनेछ ।

६.मौसम विभागले आज उत्तरी बङ्गालको दार्जिलिङ, कालेबुंग , जलपाईगुडी र अलीपुरद्वार जिल्लामा अत्यधिक वर्षा हुने चेताउनी जारी गरेको छ।

**प्रधानमंत्री -परम रुद्र सुपरकंप्यूटिंग सिस्टम -उद्घाटन**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज साँझ भिडियो कन्फरेन्समार्फत पुणेमा तीन वटा परम रुद्र सुपरकम्प्युटिङ प्रणाली र मौसम तथा जलवायुका लागि उच्च प्रदर्शन कम्प्युटिङ प्रणालीको उद्घाटन भएको छ। राष्ट्रिय सुपरकम्प्युटिङ मिसन अन्तर्गत लगभग १३० करोड रुपियाको तीन वटा परम रुद्र सुपर कम्प्युटर स्वदेशमै विकास गरिएको छ। यी सुपर कम्प्युटरहरू पुणे, दिल्ली र कोलकातामा वैज्ञानिक अनुसन्धानका लागि जडान गरिएका हुन्। श्री मोदीले डिजिटल क्रान्तिको युगमा कम्प्युटिङ क्षमता राष्ट्रिय क्षमताको विकल्प बनिरहेको बताउनु भएको छ। उहाँले विज्ञान र प्रविधिको विश्वमा आज भारतको लागि ठूलो उपलब्धिको दिन भएको बताउनुभएको छ।

प्रधानमन्त्री श्री मोदीले सेमीकन्डक्टर उत्पादनको क्षेत्रमा भारत तीव्र गतिमा अगाडि बढिरहेको बताउनु भएको छ ।

****** ० ******

**केन्द्र सरकार- महँगाई भत्ता**

केन्द्र सरकारले महँगाई भत्ता संशोधन गर्दै न्यूनतम ज्याला दरमा वृद्धि गरेको छ। नयाँ बेतन दर आगामी १ अक्तोबर देखि लागू हुनेछ। संशोधनपछि अदक्ष कामदारको न्यूनतम पारिश्रमिक ७०८३ रुपियाँ , अर्धदक्ष कामदारको ८६८ रुपियाँ र दक्ष कामदारको न्यूनतम ज्याला दैनिक ९५४ रुपियाँ हुनेछ। उच्च दक्ष कामदारको संशोधित पारिश्रमिक प्रति दिन रु एक हजार ३५ रुपियाँ हुनेछ।

****** ० ******

**विदेश मंत्री डॉ. एस. जयशंकर**

विदेशमन्त्री एस जयशंकरले हिज आफ्ना ब्राजिली समकक्षी माउरो भिएरा र दक्षिण अफ्रिकी समकक्षी रोनाल्ड लामोलासँग इब्सा विदेशमन्त्रीहरूको बैठकमा भाग लिनुभयो । श्री जयशङ्करले इब्साले राष्ट्रिय विकास, सतत विकास लक्ष्य, गरिबी निवारण, बहुपक्षवाद र दक्षिण–दक्षिण सहयोगका विषयमा वैश्विक चर्चाहरुमा सक्रिय रूपमा भाग लिने र दिशा निर्देश गर्ने बताउनु भएको छ। उहाँले संयुक्त राष्ट्र सङ्घको प्रणाली र सुरक्षा परिषदमा सुधार गर्नुपर्ने आवश्यकताका माथी विचार साझा गर्नु गरिएको बताउनुभएको छ ।

****** ○ ******

**पर्यटन मंत्रालय विश्व पर्यटन दिवस-2024**

पर्यटन मन्त्रालयले आज नयाँ दिल्लीमा 'पर्यटन र शान्ति' बिषय माथी विश्व पर्यटन दिवस–२०२४ मनाउने भएको छ। कार्यक्रममा वैश्विक सद्भावको विकास एवं सम्बर्धन तथा पर्यटन क्षेत्रको भूमिकाबारे प्रकाश पारिनेछ। कार्यक्रमलाई उपराष्ट्रपति जगदीप धनखड़ले सम्बोधन गर्नुहुनेछ I यस अवसरमा मन्त्रालयले उत्कृष्ट पर्यटन ग्राम पुरस्कार विजेताको नाम घोषणा गर्नेछ।

****** ○ ******

**सरकार वेबसाइट्स प्रतिबंध**

सरकारले इन्टरनेटमा नागरिकहरुको आधार र प्यान विवरण सार्वजनिक गर्ने वेबसाइटमा प्रतिबन्ध लगाएको छ। इलेक्ट्रोनिक्स र सूचना प्रौद्योगिकी मन्त्रालयले केही वेबसाइटहरूको पहिचान गरेको छ जसले नागरिकहरूको संवेदनशील पहिचानसहित आधार र प्यानलाई जानकारी उजागर गरिरहेको थियो। भारतीय विशिष्ट पहचान प्राधिकरणने आधार अधिनियम, 2016 की धारा 29 (4) अन्तर्गत मामिला दर्ता गरिएको छ I यसबाहेक भारतीय कम्प्युटर आपतकालीन टिमले यी वेबसाइटमा केही सुरक्षा कमजोरी फेला पारेको छ। सम्बन्धित वेबसाइट मालिकहरूलाई आवश्यक कारबाही गर्न र साइटमा परिवर्तन गर्न निर्देश दिइएको छ।

****** ○ ******

**जम्मू कश्मीर- तेस्रो चरण चुनाउ**

जम्मू कश्मीरमा तेस्रो र अन्तिम चरणको विधानसभा चुनावको प्रचारप्रसार तीव्र भएको छ। भाजपाका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहले जम्मू-कश्मीरमा आतंकवादलाई जरैबाट अन्त्य गरिसकेको र यसलाई फेरि बढ्न नदिने बताउनु भएको छ। उधमपुरमा हिज भएको र्‍यालीमा श्री शाहले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले धारा -३७० खारेज गरेर पार्टीका संरक्षक श्यामाप्रसाद मुखर्जीको सपना पूरा गरेको बताउनु भएको छ।

****** ○ ******

**प्रधानमन्त्री नरेन्द्र मोदी-जम्मु -चुनाउ**

भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार जम्मुमा चुनावी प्रचार गर्नुहुनेछ। लोकसभामा विपक्षी नेता राहुल गान्धी, पीपुल्स डेमोक्रेटिक पार्टीका अध्यक्ष र पूर्व मुख्यमन्त्री महबुबा मुफ्तीले अस्ति जम्मूमा प्रचार गरे। यस चरणमा १ अक्टोबरमा ४० विधानसभा सीटका लागि मतदान हुने यसरीनै हरियाणामा एउटै चरणमा हुने विधानसभा चुनावको प्रचारप्रसार तीव्र गतिमा भइरहेको छ। प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले हरियाणाका जनताले पार्टीलाई फेरि सेवा गर्ने अवसर दिने विश्वास व्यक्त गर्नुभएको छ। श्री मोदीले भिडियो कन्फरेन्स मार्फत राज्यमा पार्टी बुथ कार्यकर्ताहरूलाई भन्नुभएको छ - राज्यमा भ्रष्टाचार मुक्त सरकारले काम गरिरहेको छ।

****** ○ ******

**स्वास्थ्य मन्त्रालय**

स्वास्थ्य मन्त्रालयले राज्य र केन्द्र शासित प्रदेशहरूलाई मन्की पोक्स रोगको बारेमा मानिसहरूलाई सचेत गराउन उपयुक्त कदम चाल्ने आग्रह गरेको छ। मन्त्रालयले राज्यलाई रणनीतिक निगरानी राख्न आग्रह गरेको छ। राज्यहरूलाई मन्की पोक्स परीक्षणका लागि सञ्चालित प्रयोगशालाहरूको सूची दिइएको छ।

****** ○ ******

**केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधान**

केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधानले युवाहरूमा बढ्दो बेरोजगारीलाई लिएर विपक्षी शासित राज्यहरूको आलोचना गर्नुभएको छ। श्री प्रधानले श्रम बल सर्वेक्षण 2023-24 को तथ्याङ्क अनुसार विपक्षी दलहरूको नेतृत्वमा राज्यहरूमा नौकरी सिर्जना गर्न असफल भएको ठहर गर्नुभएको छ। सर्वेक्षणका अनुसार केरलाले देशमा सबैभन्दा अधिक युवा बेरोजगारी दर रेकर्ड गरेको छ। श्री

प्रधानले विपक्षी शासित प्रदेशहरू भ्रष्टाचारमा डुबेको आरोप लगाउनु हुँदै  मध्य प्रदेश र गुजरातले युवा बेरोजगारी दरलाई नियन्त्रणमा राखेको बताउनु भएको छ।

****** ० ******

**खाद्य तथा सार्वजनिक वितरण मन्त्री**

खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रल्हाद जोशीले देशले हालसम्मकै उच्च इथानोल उत्पादन गरी लगभग २ सय ५० इथानोल डिस्टिलरीबाट एक हजार ६ सय ३३ करोड लिटर उत्पादन गरेको बताउनुभएको छ। नयाँ दिल्लीमा श्री जोशीले सरकारले सन् २०३० का लागि पाँच प्रतिशत बायोडिजेलको लक्ष्य राखेको बताउनु भएको छ।

****** ० ******

**भारतीय रिजर्व बैंक -घोषणा**

भारतीय रिजर्भ बैंकले भारत सरकारसँगको परामर्शमा बर्ष २०२४–२५ को दोस्रो छमाहीका लागि वेज एण्ड मीन्स एडभान्स–डब्लु.एम.ए सीमा ५० हजार करोड रुपियाँ हुने घोषणा गरेको छ। सरकारले डब्ल्यू.एम.ए.को यो सीमा ७५ प्रतिशत प्रयोग गरेपछि आर.बी.आई.ले नयाँ बजार ऋण शुरु गर्न सक्नेछ l सर्वोच्च बैंकले सरकारसँग परामर्श गरी विद्यमान परिस्थितिहरुको आधारमा कुनै पनि समयावधि संशोधित गर्न सक्नेछ। डब्ल्यूएमए को लागी ब्याज दर रेपो दर को आधार मा निर्धारित गरिनेछ , जबकि ओवरड्राफ्ट को लागी दर रेपो डर देखि दुई प्रतिशत अधिक हुनेछ।

****** ० ******

**राष्ट्रिय अनुसन्धान एजेन्सी**

राष्ट्रिय अनुसन्धान एजेन्सी–एनआईएले उल्फा–१ काण्डका मुख्य अभियुक्त गौतम बरुआलाई पक्राउ गरेको छ। एजेन्सीले आफ्नो बयानमा भनेको छ , आरोपी गौतम बरुआ माथी असमका विभिन्न क्षेत्रमा विस्फोटक प्लान्ट रोपेको आरोप लागेको छ। आरोपीलाई बेंगलुरुको उपनगरीय क्षेत्रबाट पक्राउ गरिएको हो। बरुआले आसामको उत्तर लखिमपुर जिल्लामा विस्फोटक प्लान्ट राखेको जाँच एजेन्सीले जनाएको छ।

****** ० ******

**मौसम -भारी बर्षा**

मौसम विभागले आज उत्तरी बङ्गालको दार्जिलिङ, कालेबुंग , जलपाईगुडी र अलीपुरद्वार जिल्लाका एक वा दुई स्थानमा अत्यधिक वर्षा हुने चेताउनी जारी गरेको छ। कुचबिहार जिल्लामा अत्यधिक बर्षाको चेतावनी जारी गरिएको छ। आज मालदा, उत्तरी दिनाजपुर र दक्षिण दिनाजपुर जिल्लामा पनि ब्यापक बर्षा हुने सम्भावना रहेको छ l मौसम बिभागले दार्जिलिङ र कालेबुंग जिल्लाको पहाडी क्षेत्रमा सम्भावित पैह्रोको चेतावनी पनि जारी गरेको छ।

****** ० ******

**कर्नाटक -सीबीआई**

कर्नाटक राज्यको मन्त्रिमण्डले केन्द्रीय अनुसन्धान ब्यूरो-सीबीआईलाई राज्यभित्र जाँच गर्न दिएको सहमति फिर्ता लिने निर्णय गरेको छ। कानूनमन्त्री एच.के. विपक्षी विरुद्ध सीबीआईको 'पक्षपाती' कारबाही रोक्नको लागि यो निर्णय गरिएको पाटिलले बताउनु भएको छ l

****** ० ******

**ग्लोबल इनोवेशन इंडेक्स-जीआईआई 2024 -भारत**

ग्लोबल इनोभेसन इन्डेक्स (जी.आई.आई) ले बर्ष २०२४ मा विश्वका १३३ अर्थव्यवस्थाहरु मध्ये भारतलाई ३९ औं स्थानमा राखेको छ। केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले मध्य तथा दक्षिण एसिया क्षेत्रका १० अर्थव्यवस्थाहरु मध्ये भारत पहिलो स्थानमा रहेको घोषणा गर्नुभएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा उल्लेखनीय उपलब्धिहरू माथि प्रकाश पार्नुहुदै श्री गोयलले भन्नुभएको छ -भारत मध्य र दक्षिणी एशियाका १० अर्थव्यवस्थाहरू मध्ये पहिलो स्थानमा रहेको छ l

****** ० ******

**केंद्रीय रेल राज्य मंत्री वी. सोमन्ना -कर्नाटक**

केन्द्रीय रेल राज्यमन्त्री वी सोमन्नाले कर्नाटकको शिवमोगा जिल्लामा रेल परियोजनाहरूको समीक्षा गर्नुभएको छ। उहाँले अमृत इन्डिया स्टेशन आधुनिकीकरण योजना अन्तर्गत मैसूर डिभीजनका १५ रेलवे स्टेसनलाई उन्नत गरिने बताउनु भएको छ । यसका लागि लगभग ३८५ करोड रुपियाँ खर्च हुनेछ। शिवमोगा जिल्लामा प्रमुख परियोजनाहरूमा नयाँ शिवमोग्गा-शिकारीपुरा-रानेबेन्नूर रेलवे लाइन सामेल छ।

****** ० ******

## खेल मंत्री मनसुख मांडविया

खेलमन्त्री मनसुख माण्डवियाले ४५औं ओलम्पियाडमा स्वर्ण पदक प्राप्त गर्ने भारतीय पुरुष र महिला चेस टीमलाई सम्मानित गर्नुभएको छ । यस अवसरमा श्री माण्डवियाले भन्नुभएको छ -वैश्विक मंचमा जितेर, टीमले सम्पूर्ण देशलाई गौरवान्वित मात्र बनाएको छैन तर हाम्रो परम्परागत विरासतलाई पनि सम्मान गरेको छ। उहाँले अझ भन्नुभएको छ - भारत सरकार एक पारिस्थितिकी सिर्जना गर्न प्रतिबद्ध छ जसले सबै खेल विधाहरूमा प्रतिभालाई प्रोत्साहित गर्दछ।

****** ० ******